# बेलबारी नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः १० मितिः२०८२/१२/१२

### भाग-१

# कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९, लाई संशोधन गर्न बनेको ऐन, २०८२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकारको प्रयोग गरी बेलबारी नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८२ लाई नगर सभाको १८ औं अधिवेशनबाट स्वीकृत गरी सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९, लाई संशोधन गर्न बनेको ऐन, २०८२

**नगर सभाबाट संशोधन स्वीकृत भएको मितिः** २०८२/१२/१२

**प्रमाणीकरण मितिः** २०८२/१२/१२

**प्रस्तावनाः** बेलबारी नगरपालिकाको कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगर सभाको १८औं अधिवेशनबाट यो ऐन संशोधन गरी स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०८२" रहनेछ ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९ को दफा २ (ग) मा संशोधनः** कार्यसम्पादनमा आधारित प्रोत्साहन सुविधा सम्बन्धी ऐन, २०७९, (यस पछि "मूल ऐन" भनिएको) को दफा २(ग) को सट्टा देहायको दफा २(ग) मा राखिएको छ ।

"ग. “कर्मचारी" भन्नाले नगरपालिका कार्यालय, वडा कार्यालय, नगर अस्पताल तथा नगरपालिका मातहतका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी समेतलाई बुझाउनेछ ।"

३. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ उपदफा (५) पछि (६) थपिएको छ ।

"(६) दफा २ (ग) तथा (५) को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर अस्पतालमा कार्यरत कर्मचारीको हकमा अस्पतालको सेवा २४सै घण्टा सञ्चालन गर्नुपर्ने भएको हुँदा नगर अस्पताल सम्बन्धी प्रोत्साहन सुविधा सम्बन्धी अलग्गै कार्यविधि बनाई लागू गर्न सकिने छ ।"

आज्ञाले,
संजय बहादुर राजलवट
प्रमुख प्रशासकीय अधिकृत